(ञ) फूलबारी र कृषि सम्बन्धी प्रतियोगिता,

(ट) सृजनात्मक तथा अन्वेषणात्मक र विज्ञानका प्रयोगात्मक प्रतियोगिता,

(ट) अन्य प्रतियोगिता,

(५) विद्यालयले प्रत्येक शुक्रबारको दैनिक पठनपाठनको कार्य समाप्त भएपछि विद्यार्थीलाई अतिरिक्त क्रियाकलापको कार्यक्रममा सहभागी गराउनु पर्नेछ ।

**१०९. विद्यालय शिक्षा सेवाको गठन, तह, श्रेणी विभाजन र दरबन्दी सम्वन्धी व्यवस्था :**

(१) यस सम्बन्धमा संघ तथा प्रदेशको कानून वा नियमसँग तादात्म्यता कायम हुने गरी कार्यपालिकाले कार्यविधि बनाई नगरसभाबाट स्वीकृत गराएबमोजिम हुनेछ ।

**११०. पुरस्कारको व्यवस्था गर्न सकिने :**

उत्कृष्ट विद्यालय, उत्कृष्ट शिक्षक र उत्कृष्ट वि.व्य.स. लाई नगरकार्यपालिकाबाट पुरस्कारको मापदण्ड र सूचकहरु निर्माण गरी वार्षिकरुपमा पुरष्कृत गर्ने व्यवस्था गरिनेछ ।

**१११. पीरमर्का, गुनासो सुनुवाई सम्बन्धी व्यवस्था :**

(१) यस नियमावली तथा प्रचलित कानून बमोजिम अन्यत्र उजुरी वा पुनरावेदन गर्न पाउने व्यवस्था भएकोमा बाहेक कुनै शिक्षकलाई आफ्नो सेवा, शर्त र सुविधा सम्बन्धी विषयमा मर्का परेको छ भन्ने लागेमा वा सो सम्बन्धमा सम्बन्धित निकायलाई जानकारी गराउँदा पनि कारबाही नभएमा निजले आफूलाई परेको पीरमर्का तथा गुनासो नगर शिक्षा अधिकृत समक्ष राख्न सक्नेछ ।

(२) उपनियम (१) बमोजिम राखिएको पीरमर्का वा गुनासोको नगरशिक्षा अधिकृतले सुनुवाई गरी त्यस्तो पीरमर्का तथा गुनासो समाधान गर्नु पर्नेछ ।

(३) उपनियम (१) बमोजिमको पीरमर्का तथा गुनासो नगरशिक्षा अधिकारीबाट समाधान हुन नसकेमा नगरशिक्षा समिति समक्ष राख्न सकिनेछ ।

**११२. शैक्षिक परामर्श सेवा, ब्रिज कोर्स, भाषा शिक्षण कक्षा तथा अन्य शैक्षिक कार्यक्रम सम्बन्धी व्यवस्था :**

(१) कसैले पनि प्रचलित ऐन तथा यस नियमावली बमोजिम अनुमति नलिई कुनै पनि शैक्षिक परामर्श सेवा, ब्रिज कोर्स, भाषा शिक्षण कक्षा, पूर्व तयारी कक्षा, ट्यूसन कोचिङ सेन्टर वा अन्य विदेशी शैक्षिक कार्यक्रम संचालन गर्न पाइने छैन ।

(२) उपनियम (१) बमोजिमको शैक्षिक कार्यक्रम संचालन गर्न चाहने व्यक्ति वा संस्थाले अध्ययन गर्ने कक्षा, विषय र शैक्षिक कार्यक्रमको प्रकृति समेत खुलाई नगरपालिकाले तोकेको शुल्क र धरौटी सहित शिक्षा शाखामा निवेदन दिनु पर्नेछ ।

(३) उपनियम (२) बमोजिम निवेदन प्राप्त भएमा शिक्षा शाखाले निवेदनको जाँचबुझ र स्थलगत अध्ययन गरी राय सहित नगरपालिकामा प्रतिवेदन दिनुपर्नेछ ।

(४) उपनियम (३) बमोजिम प्रतिवेदन प्राप्त भएपछि शिक्षा शाखाको राय तथा सिफारिसको आधारमा आवश्यक शर्त तोकी नगरकार्यपालिकाले अनुमति प्रदान गर्न सक्नेछ ।

(५) यसरी अनुमति प्राप्त गर्ने व्यक्ति वा संस्थाले तोकिएको शर्तबमोजिम कार्यक्रम संचालन नगरेमा नगर शिक्षा अधिकृतले त्यस्तो अनुमति जुनसुकै बखत रद्द गर्न सक्नेछ ।

**११३. जिम्मेवार रहने :**

(१) प्रधानाध्यापक स्थानीय तह, अभिभावक एवं विद्यार्थीप्रति जिम्मेवार हुनेछ । यसका लागि प्र.अ.ले अभिभावक एवं विद्यार्थीको विचार सर्वेक्षण गर्नेछन् ।

(२) विद्यार्थीको सिकाई उपलब्धिमा प्रधानाध्यापक, शिक्षक र विद्यालय व्यवस्थापन समिति पूर्णरुपले जवाफदेही बन्नुपर्नेछ ।

(३) प्रचलित मापदण्डको पालना एवं गुणस्तरीय शिक्षाको लागि विद्यालय व्यवस्थापन समिति र प्रधानाध्यापकले नगरशिक्षा अधिकृतसँग कार्यसम्पादन करार गर्नुपर्नेछ ।

(४) शिक्षक एवं कर्मचारी प्रधानाध्यापकप्रति जिम्मेवार हुनेछन् । निजहरुले गुणस्तरीय शिक्षाका लागि नगरकार्यपालिका, शिक्षा समिति र शिक्षा अधिकृतले प्रचलित कानून बमोजिम दिएका निर्देशन पालना गर्नु पर्नेछ । अपेक्षित शैक्षिक उपलब्धिका लागि शिक्षकहरुले प्रधानाध्यापकसँग कार्यसम्पादन करार गर्नुपर्नेछ ।

मस्यौदा

(५) नगरपालिका क्षेत्रभित्रका विद्यालयहरुमा विद्यार्थीहरुको सिकाइ उपलब्धिमा बढोत्तरी ल्याउन नगरकार्यपलिकाले वेञ्चमार्क ( आधार रेखा) तयार गरी लागू गर्न सक्नेछ ।

(६) उपनियम (३) र (४) बमोजिमको कार्यसम्पादन करारको ढाँचा अनुसुची-१८ मा उल्लेख भएबमोजिम हुनेछ ।

(७) शिक्षालाई मौलिक हकको रुपमा स्थापित गर्न नगरकार्यपालिकाले प्रत्येक विद्यालयका लागि निश्चित भौगोलिक क्षेत्रलाई सेवा क्षेत्रको रुपमा तोकिदिन सक्नेछ । त्यस्तो भौगोलिक क्षेत्र भित्रका टुहुरा, अलपत्र परेका र बेसहारा तथा अति विपन्नतामा परी विद्यालय जान नसकेका वा विद्यालय छोडेका बालवालिकालाई छात्रबृत्ति वा विशेष व्यवस्था गरी वा निजका अभिभावक वा संरक्षकलाई सघाई बालबालिकालाई विद्यालयमा ल्याउनु नगरपालिका, विद्यालय व्यवस्थापन समिति र प्रधानाध्यापकको जिम्मेवारी हुनेछ । विद्यार्थीलाई अपेक्षित शैक्षिक उपलब्धि हासिल हुने गरी सिकाउने र टिकाउने दायित्व प्रधानाध्यापक र शिक्षकहरुको हुनेछ ।

(८) कुनै अभिभावक वा संरक्षकले विद्यालय जाने उमेरका बालबालिकालाई विद्यालय पठाउन अटेर गरेमा निजलाई नगरपालिकाबाट प्रदान गरिने सेवा सुविधाहरुबाट बन्चित गर्न सकिनेछ ।

**११४. नगर शिक्षा अनुगमन समितिको व्यवस्था :**

(१) नगर क्षेत्र भित्रका विद्यालयहरुको नियमन र अनुगमन गर्न नगरकार्यपालिकाले एक नगर शिक्षा अनुगमन समिति गठन गर्ने छ :-

| | |
|---|---|
| क) सामाजिक विकास समिति प्रमुख | - संयोजक |
| ख) सामाजिक विकास समितिले मनोनित गरेको सामाजिक विकास शाखाको सदस्य १ जना | - सदस्य |
| ग) माध्यमिक तहको शिक्षक पदबाट निवृत्त शिक्षकहरु मध्येबाट नगरप्रमुखले मनोनित गरेको व्यक्ति एक जना | - सदस्य |
| घ) शिक्षाविद्हरु मध्येबाट नगरप्रमुखले मनोनित गरेको व्यक्ति एकजना | - सदस्य |
| ङ) नगरशिक्षा अधिकृत | - सदस्य सचिव |

(२) सम्बन्धित वडाको अध्यक्षलाई उक्त वडा क्षेत्रभित्रका विद्यालयहरुको अनुगमन कार्यमा आमन्त्रण गरिनेछ ।

(३) नगर शिक्षा अनुगमन समितिले विद्यालयको शैक्षिक, भौतिक, आर्थिक र व्यवस्थापकिय पक्ष लगायतको अनुगमन गर्न सूचक र विधीहरु निर्माण गरी कार्यान्वयन गर्न सक्नेछ ।

४) संस्थागत विद्यालयहरुको नियमनका लागि नगरकार्यपालिकाले संस्थागत विद्यालय शुल्क निर्धारण मापदण्ड निर्देशिका र संस्थागत विद्यालय मापदण्ड तथा संचालन निर्देशिका जारी गर्न सक्नेछ ।

**११५. प्रमुख संरक्षक तथा संरक्षकको भूमिका :**

नगरप्रमुखले नगरपालिकाभित्रका विद्यालयको गुणस्तरीय शिक्षाको लागि प्रमुख संरक्षकको रुपमा र वडाअध्यक्षले आफ्नो वडाभित्रका विद्यालयको गुणस्तरीय शिक्षाका लागि संरक्षकको रुपमा कार्य गर्नु गराउनुपर्नेछ ।

**११६. कार्यविधि निर्धारण गर्ने :**

यस नियमावलीमा व्यवस्था भएदेखि बाहेक नगरकार्यपालिकाबाट गरिनुपर्ने शिक्षा सम्बन्धी काम कारवाहीलाई व्यवस्थित गर्न यस नियमावली अर्न्तगत रही कार्यविधि तर्जुमा गरी कार्यान्वयन गर्न सकिने छ ।

**११७. ट्रेड युनियन सम्वन्धी व्यवस्था :**

संघीय शिक्षा ऐन र प्रादेशिक शिक्षा ऐनले व्यवस्था गरेबमोजिम हुनेछ ।

**११८. विद्यालय शुल्क सम्बन्धी व्यवस्था संघीय कानूनले बनाएको मापदण्डअनुसार हुनेछ ।**

**११९. शिक्षक तथा कर्मचारीको तलब, भत्ता र अन्य सुविधा संघीय कानून अनुसार हुनेछ ।**

**१२०. शिक्षक तथा कर्मचारीको निवृत्तिभरण, उपदान, उपचार खर्च र अन्य व्यवस्था संघीय कानून अनुसार हुनेछ ।**

**१२१. शिक्षक तथा कर्मचारीको अवकास सम्बन्धी व्यवस्था संघीय कानून अनुसार हुनेछ ।**

